# काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन

कृष्णप्रसाद सुवेदी
परीक्षा क्रमाङ्क : २८०६२९/०७३
त्रि. वि. दर्ता नं. : ९-२-५३-२९६-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम. एड.) चौंथो सत्रको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनका निम्ति प्रस्तुत

**शोधपत्र**

**२०७३/2016**

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि. वि., कीर्तिपुर

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.......................

कृष्णप्रसाद सुवेदी

(शोधार्थी)

मिति : २०७३/०८/१४

Nov. 29, 2016

# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र केन्द्रीय विभाग
# नेपाली भाषा शिक्षा विभाग
# कीर्तिपुर

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौंथो सत्रको नेपाली शिक्षा ५४४ पाठ्यांशको प्रयोजनार्थ कृष्णप्रसाद सुवेदीद्वारा कडा परिश्रम र लगनशीलताका साथ तयार पारिएको प्रस्तुत **काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्रप्रति म पूर्ण रूपमा सन्तुष्ट छु र यस शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**शोध निर्देशक**

..........................

प्रा. डा. पारसमणि भण्डारी

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि. वि., कीर्तिपुर

मिति : २०७३/०८/१४

Nov. 29, 2016

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम. एड.) चौंथो सत्रको नेपाली शिक्षा ५४४ पाठ्यांशको प्रयोजनार्थ शोधार्थी कृष्णप्रसाद सुवेदीद्वारा **काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर तहको उपाधिका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा. डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | .............................. |
| २. | प्रा. डा. पारसमणि भण्डारी (शोध निर्देशक) | .............................. |
| ३. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | .............................. |

मिति : २०७३/०९/०३

Dec. 18, 2016

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम. एड.) चौंथौ सत्रको नेपा. शि. ५४४ को पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । यस शाोधपत्रको शीर्षक काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन रहेको छ । यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अत्यन्तै व्यस्त समयमा पनि मलाई अमूल्य समय, सुझाव र सल्लाह दिई यो शोधकार्य लेखनमा उपयुक्त मार्ग निर्देशन दिँदै लेखन कार्यलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका प्रदान गर्नुभएका शोध निर्देशक आदरणीय गुरु प्रा. डा. पारसमणि भण्डारी ज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्ताव लेखनदेखि नै सल्लाह, सुझाब तथा आवश्यक मार्ग निर्देशन गर्नुहुने आदरयणीय गुरु विभागीय प्रमुख प्रा. डा. रामप्रसाद भट्टराई तथा प्रा. डा. रामनाथ ओझाप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आफ्नो अमूल्य समयका बाबजुद पनि यस शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सुझाव सहित सहयोग गर्नुहुने नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरू प्रति पनि धन्यवाद दिन चाहन्छु । साथै यस शोधकार्यका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न सहयोग पुऱ्याउनु हुने काठमाडौं जिल्लाका पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालय तथा क्याम्पसका प्रधानाध्यापक/प्रमुख, विषय शिक्षक एवम् सहभागी विद्यार्थीहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि उचित समय, स्रोत, साधन तथा वातावरण उपलब्ध गराएर निरन्तर हौसला प्रदान गर्नुहुने पूजनीय बुबा रमाकान्त सुवेदी र आमा पार्वती सुवेदीप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु। साथै मलाई प्रत्यक्ष तथा परोक्ष सहयोग गर्नुहुने मेरा सम्पूर्ण साथीभाइहरूलाई धन्यवाद दिन चाहन्छु ।

कृष्णप्रसाद सुवेदी

(शोधार्थी)

# शोधसार

| | |
|---|---|
| शोध शीर्षक | : काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन |
| शोधार्थी | : कृष्णप्रसाद सुवेदी |
| शोध निर्देशक | : प्रा. डा. पारसमणि भण्डारी |
| विभाग/क्याम्पस | : नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर |
| शैक्षिक वर्ष | : २०७० |
| जम्मा अध्याय | : सात |
| जम्मा पृ. स. | : ३२+७२ |

## शोध उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(क) काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउनु,

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा पाइने भिन्नताको तुलना गर्नु,

(ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा पाइने भिन्नताको तुलना गर्नु ।

## शोध प्रक्रिया :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौंथौ सत्रको नेपा. शि. ५४४ को पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । यस शाोधपत्रको शीर्षक काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन रहेको छ । यस शीर्षकमा अनुसन्धान गर्नको लागि काठमाडौं जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा परिभाषित गरिएको छ । काठमाडौं जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयहरूलाई नमुनाका

रूपमा छनोट गरिएको छ । साथै यादृच्छिक नमुना छनोट पद्धतिको आधारमा उक्त विद्यालयहरूमा कक्षा एघारमा अध्ययनरत ५ जना छात्र र ५ जना छात्राहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । यस अनुसन्धानमा ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरू नमुनाका रूपमा रहेका छन् । यस शीर्षकमा अनुसन्धान गर्नका लागि वैयक्तिक र सार्वजनिक शुभकामनासँग सम्बन्धित १/१ ओटा प्रश्न निर्माण गरिएको छ । त्यसपछि उक्त प्रश्नलाई जनसेवा उच्च माध्यमिक विद्यालयमा कक्षा एघारमा अध्ययनरत १० जना विद्यार्थीमा पूर्वपरीक्षण गरियो । त्यसपछि विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा प्रश्नको विश्लेषण र परिमार्जन गरी प्रश्नलाई अन्तिम रूप दिइयो ।

विद्यार्थीहरूलाई वैयक्तिक र सार्वजनिक शुभकामना लेख्नका लागि १०/१० मिनेट समय उपलब्ध गराइएको छ । त्यसपछि अङ्कन प्रक्रियाअनुसार उत्तरपुस्तिका परीक्षण गरिएको छ । यसरी प्राप्त अङ्कलाई लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा वर्गीकरण गरी तालिकीकरण गरिएको छ । यसरी तथ्याङ्क सङ्कलन, वर्गीकरण र तालिकीकरण गरिसकेपछि विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको परिमाणलाई प्रतिशत, मध्यमान र मानक विचलनबाट विश्लेषण गरिएको छ । साथै लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको परिमाणलाई छुट्टाछुट्टै अध्यायमा तुलनात्मक विश्लेषण गरिएको छ । साथै प्राप्त नतिजालाई स्तम्भचित्र र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

१. समग्रमा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो (७३.२१ प्रतिशत) रहेको पाइयो ।

२. वैयक्तिक शुभकामना लेखन क्षमताका आधारमा छात्र छात्राहरूको तुलनात्मक विश्लेषण गर्दा छात्राहरूको प्राप्ताङ्कको मध्यमान ७३.२ र छात्रहरूको प्राप्ताङ्कको मध्यमान ७२.८८ भएकाले छात्रहरूको भन्दा छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो ।

३. सार्वजनिक शुभकामना लेखन क्षमताका आधारमा छात्र छात्राहरूको तुलनात्मक विश्लेषण गर्दा छात्रहरूको प्राप्ताङ्कको मध्यमान ७३.५२ र छात्राहरूको प्राप्ताङ्कको

मध्यमान ७३.२६  भएकाले छात्राहरूको भन्दा छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो ।

४. वैयक्तिक र सार्वजनिक शुभकामना लेखन क्षमताका आधारमा समग्रमा तुलनात्मक विश्लेषण गर्दा छात्राहरूको प्राप्ताङकको मध्यमान ७३.२३ र छात्रहरूको प्राप्ताङ्कको मध्यमान ७३.२ भएकाले छात्रहरूको भन्दा समग्रमा छात्राहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो ।

५. वैयक्तिक शुभकामनाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७४.०८ र सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७२ भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो ।

६. सार्वजनिक शुभकामनाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७५.३ र सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७१.४८ भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो ।

७. वैयक्तिक र सार्वजनिक शुभकामनाका आधारमा समग्रमा तुलनात्मक विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७४.६९ र सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ७१.७४ भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको पाइयो ।

# विषयसूची

## अध्याय एक

## शोधको परिचय


| | पृष्ठ |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ शोधको औचित्य | ३ |
| १.५ शोधको सीमा | ४ |
| १.६ शोधपत्रको रूपरेखा | ४ |


## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा


| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ९ |
| २.१.१ कृति समीक्षा | १० |
| २.१.२ शोध समीक्षा | १३ |
| २.२ शुभकामनाको सैद्धान्तिक अवधारणा | २० |
| २.२.१ विषय प्रवेश | २० |
| २.२.२ शुभकामनाको परिचय | २१ |
| २.२.३ शुभकामनाको संरचना | २२ |
| २.२.३.१ आदि भाग | २२ |
| २.२.३.२ मध्य भाग | २२ |
| २.२.३.३ अन्त्य भाग | २३ |
| २.२.४ शुभकामनाको प्रकार | २३ |
| २.२.४.१ वैयक्तिक शुभकामना | २४ |
| २.२.४.२ सार्वजनिक शुभकामना | २४ |
| २.२.५ शुभकामनाको भाषाशैली | २४ |
| २.२.६ शुभकामनाका विशेषता | २५ |

२.२.७ शुभकामना लेख्ने तरिका २५
२.२.८ लेखन सिप र शुभकामना लेखन २६
२.२.९ शुभकामना लेखनको उद्देश्य २७
२.२.१० शुभकामनाको शिक्षण प्रक्रिया २७

**अध्याय तिन**

**शोधविधि र अध्ययन प्रक्रिया**

३.१ अध्ययन विधि २९
३.२ जनसङ्ख्या र नमुना छनोट २९
३.३ सामग्री निर्माण ३०
३.४ सामग्रीको पूर्वपरीक्षण ३०
३.५ परीक्षण ३०
३.६ तथ्याङ्क सङ्कलन ३१
३.६.१ प्राथमिक स्रोत ३१
३.६.२ द्वितीयक स्रोत ३१
३.७ अङ्कन प्रक्रिया ३१
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया ३२

**अध्याय चार**

**समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण**

४.१ समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण ३४
४.२ समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विश्लेषण ३८
४.३ समग्र विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विश्लेषण ३९
४.४ समग्र विद्यार्थीहरूको लैङ्गिकताका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विश्लेषण ४१

## अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको विवरण


५.१ विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण ४३

५.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण ४६

५.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण ४७

५.४ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना ४८

५.५ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण ४९

५.६ संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण ५०

५.७ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना ५०

५.८ समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलना ५२


## अध्याय छ

## लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको विश्लेषण


६.१ लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण ५६

६.२ छात्रहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण ५९

६.३ छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण ६०

६.४ छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना ६०

६.५ छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण ६२

६.६ छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण ६२

६.७ छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना ६३

६.८ समग्रमा छात्र र छात्राहरूको शुभकामना लेखन क्षमताको तुलना ६४

**अध्याय सात**

**सारांश, निष्कर्ष र उपयोगिता**

७.१ सारांश ६८

७.२ निष्कर्ष ६८

७.३ उपयोगिता ७०

    ७.३.१ नीतिगत तह ७०

    ७.३.२ प्रयोगगत तह ७१

**सन्दर्भ सामग्रीसूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिकासूची


| तालिका नं. | तालिका शीर्षक | पृष्ठ |
|---|---|---|
| तालिका नं. १ | समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण | ३४ |
| तालिका नं. २ | समग्रतामा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण | ३८ |
| तालिका नं. ३ | समग्र विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताका विश्लेषण | ३९ |
| तालिका नं. ४ | समग्र विद्यार्थीहरूको लैङ्गिकताका आधारमा शुभकामना लेखन क्षमताको विश्लेषण | ४१ |
| तालिका नं. ५ | विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण | ४३ |
| तालिका नं. ६ | सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण | ४६ |
| तालिका नं. ७ | संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण | ४७ |
| तालिका नं. ८ | सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना | ४८ |
| तालिका नं. ९ | सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण | ४९ |
| तालिका नं. १० | संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण | ५० |
| तालिका नं. ११ | सामुदायिक र संस्थागत विद्यालयका आधारमा सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण | ५० |
| तालिका नं. १२ | समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलना | ५२ |
| तालिका नं. १३ | लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण | ५६ |

| | | |
|---|---|---|
| तालिका नं. १४ | छात्रहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण | ५९ |
| तालिका नं. १५ | छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण | ६० |
| तालिका नं. १६ | छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना | ६० |
| तालिका नं. १७ | छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण | ६२ |
| तालिका नं. १८ | छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण | ६२ |
| तालिका नं. १९ | छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना | ६३ |
| तालिका नं. २० | समग्रमा छात्र र छात्राहरूको शुभकामना लेखन क्षमताको तुलना | ६४ |

# चित्रसूची


| चित्र नं. | चित्रशीर्षक | पृष्ठ |
|---|---|---|
| चित्र नं. १. | समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण (स्तम्भचित्र) | ३६ |
| चित्र नं. २. | समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण (वृत्तचित्र) | ३७ |
| चित्र नं. ३. | समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण (रेखाचित्र) | ३७ |
| चित्र नं. ४. | विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको प्रतिशत (स्तम्भचित्र) | ४५ |
| चित्र नं. ५. | समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलना (स्तम्भचित्र) | ५४ |
| चित्र नं. ६. | लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको प्रतिशत (स्तम्भचित्र) | ५८ |
| चित्र नं. ७. | समग्रमा छात्र र छात्राहरूको शुभकामना लेखन क्षमताको तुलना (स्तम्भचित्र) | ६६ |
| चित्र नं. ८. | समग्रमा छात्र र छात्राहरूको शुभकामना लेखन क्षमताको तुलना (रेखाचित्र) | ६७ |

# व्यक्तिगत विवरण



नाम : कृष्णप्रसाद सुवेदी

जन्म : २०४८/१०/०५

ठेगाना : लेखफाँट - १, पर्वत

पिताको नाम : रमाकान्त सुवेदी

माताको नाम : पार्वती सुवेदी

नागरिकता : नेपाली

मातृभाषा : नेपाली

धर्म : हिन्दू

लिङ्ग : पुरुष

सम्पर्क नं. : ९८४७६६०७२८

शैक्षिक योग्यताको विवरण

| क.स. | उत्तीर्ण तह | शैक्षिक संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|---|
| १. | प्रवेशिका परीक्षा | श्री ग्राम प्रकाश उच्च माध्यमिक विद्यालय, पर्वत | २०६३ |
| २. | प्रविणता प्रमाणपत्र | श्री ग्राम प्रकाश उच्च माध्यमिक विद्यालय, पर्वत | २०६६ |
| ३. | स्नातक | धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ | २०७० |
| ४. | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं | २०७३ |

# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा मानिसको इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने माध्यम हो । मानिसले भाषाको माध्यमबाट विचार विनिमय गरी सामाजिक सम्पर्क स्थापित गर्दछन् । भाषाबाट नै मानिसका दैनिक क्रियाकलापहरू सम्पन्न हुने गर्दछन् । यसर्थ भाषालाई मानवीय विचार विनिमयको सर्वोच्च माध्यम मानिन्छ । भाषाको प्रयोग समाजमा गरिन्छ । भाषाका माध्यमबाट नै समाजमा हुने सम्पूर्ण क्रियाकलापहरू सम्पन्न हुने गर्दछन् । समाजका विभिन्न क्रियाकलाप, घटना, कार्यक्रम, उत्सव तथा चाडपर्वहरूमा एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई शुभकामना आदान प्रदान गर्ने परम्परा चलिआएको पाइन्छ । कुनै साथी वा नातेदारले प्राप्त गरेको उपलब्धि, खुसियाली एवम् नयाँ वर्ष, जन्मदिन, विवाह, विशेष चाडपर्व आदिका अवसरमा शुभकामना दिने प्रचलन हरेक समाजमा रहेको पाइन्छ । यसर्थ शुभकामनाको आदान प्रदान गर्न भाषाको प्रयोग गरिन्छ ।

शुभकामना एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई प्रदान गरिएको पाइन्छ । यो मौखिक वा लिखित रूपमा व्यक्त गर्न सकिन्छ । यसर्थ शुभकामना आदान प्रदान गर्दा व्यक्ति वा संस्थाअनुसार बोल्ने र लेख्ने तरिका सिकाउनु पर्दछ । बोल्न र लेख्न सिकाउनु भनेको भाषिक सिप सिकाउनु हो । यस्तो भाषिक सिप विकासमा साहित्यका विविध विधाहरूको उपयोग गरिएको पाइन्छ । यस्ता विविध विधाहरूमध्ये चिठीअन्तर्गत पर्ने शुभकामना लेखनबाट पनि विद्यार्थीहरूमा लेखाइ सिपको विकास गराउन सकिन्छ । शुभकामनाका आदि, मध्य र अन्त्य भागमा के के कुराहरू लेख्ने, तिनीहरूको सङ्गठन कसरी गर्ने, के कस्ता शुभसूचक शब्दहरूको प्रयोग गर्ने, कस्तो भाषाशैलीको प्रयोग गर्ने, शुभकामनालाई कसरी प्रेषण गर्ने आदि जस्ता कुराहरू सिकाउनका लागि विद्यार्थीहरूको तह, स्तर, रुचि र क्षमता अनुरूपका कार्यकलापहरू गराउन सकिन्छ । माध्यमिक तथा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमले पनि विद्यार्थीहरूमा व्यवहारमा उपयोगी हुने चिठी, निवेदन, शुभकामना, समवेदना आदि जस्ता पत्रहरू लेख्न सक्ने क्षमताको विकास गराउने उद्देश्य राखेको पाइन्छ । यसर्थ शुभकामना लेखन कार्यले विद्यार्थीहरूमा व्यावहारिक एवम्

सिर्जनात्मक लेखन सिपको विकास गराउँदछ । उल्लिखित कुराहरूलाई मध्यनजर गर्दै काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

अनुसन्धान कार्यका सिलसिलमा समस्या शब्दको अर्थ अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु नै हो (बन्धु, २०७२ : १७) । अनुसन्धानको मुख्य अभीष्ट समस्याको समाधान गर्नु हो । अनुसन्धानका निम्ति चयन गरिएको अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो । अनुसन्धान गर्न चयन गरिएको विषय वा शीर्षक नै आफैँमा समस्या हो । त्यसैले समस्याको समाधान गर्नतर्फ अनुसन्धान केन्द्रित हुनुपर्दछ । शोध शीर्षकले नै अनुसन्धानको समस्यालाई सङ्केत गरेको हुन्छ । यसर्थ यस शोध प्रस्तावमा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थितिलाई समस्याको रूपमा प्रस्तुत गरिएको छ । त्यसैले यस शोधकार्यमा निम्नलिखित समस्यामा आधारित भई अध्ययन अगाडि बढाइएको छ :

(क) काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता कस्तो रहेको छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा के कस्तो भिन्नता रहेको छ ?

(ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य शोध प्रस्तावमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु हो । शोध समस्याले नै शोधको उद्देश्यलाई निर्देश गरेको हुन्छ । यसर्थ काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित उद्देश्य राखी यो शोधकार्य सम्पन्न गरिएको छ । समस्या

कथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै यस शोधकार्यको उद्देश्य रहेका छन् । यस शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउनु,

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा पाइने भिन्नताको तुलना गर्नु,

(ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमतामा पाइने भिन्नताको तुलना गर्नु ।

## १.४. शोधको औचित्य

शुभकामनालाई अरूको भलाइको चाहना व्यक्त गर्ने सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । यसको मुख्य उद्देश्य अरूको भलाइको कामना गर्नु हो । शुभकामना मौखिक र लिखित दुवै तरिकाबाट दिन सकिन्छ । तापनि लिखित रूपबाट दिइएको शुभकामना बढी प्रभावकारी मानिन्छ । यसर्थ शुभकामना दिँदा व्यक्ति भाषाका बोलाइ र लेखाइ सिपमा दक्ष हुनुपर्दछ । शुभकामना लेखनले पनि विद्यार्थीहरूको भाषिक सिप विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कुनै विशेष सन्दर्भ वा अवसरमा आफ्ना आफन्तजन, साथी वा बन्धुबान्धबलाई शुभकामना दिने कलामा निपूर्ण बनाउनका लागि यस अध्ययनले सहयोग पुग्ने देखिन्छ । शुभकामना लेखन व्यावहारिक जीवनका विभिन्न अवसर, चाडपर्व, विवाह, ब्रतबन्ध, जन्मदिन, नयाँ वर्ष आदि जस्ता सन्दर्भमा आवश्यक पर्ने हुँदा यसको अभ्यासले विद्यार्थीको वैयक्तिक र सामाजिक जीवनको व्यावहारिक समस्या समाधानमा यो निकै महत्वपूर्ण मानिन्छ । यस शोधकार्यले विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पहिचान गरी कक्षा शिक्षणलाई अगाडि बढाउन मद्दत मिल्दछ । पहिचान गरिएको क्षमताका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिने हुँदा यसको अझै बढी महत्व रहेको देखिन्छ । प्रस्तुत अध्ययनले भाषिक सिप विकास तथा भाषा शिक्षणका क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने छ । साथै आगामी दिनहरूमा शुभकामना लेखनसँग सम्बन्धित भई अनुसन्धान गर्ने शोधार्थीहरूका लागि पनि यो अनुसन्धान उपयोगी हुने देखिन्छ । पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षण प्रक्रिया र पद्धतिलाई समय सापेक्ष परिमार्जन गर्दै लैजान तथा भाषिक क्षमतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूका लागि प्रस्तुत अनुसन्धान मार्गदर्शक बन्ने हुनाले यस अध्ययन सान्दर्भिक रहेको छ ।

## १.५ शोधको सीमा

अनुसन्धानमा अध्ययनको क्षेत्रलाई स्पष्ट किटान गर्नुपर्दछ । यसबाट अनुसन्धान कार्यलाई अगाडि बढाउन सहयोग पुग्छ । क्षेत्र र सीमा प्रस्ट भयो भने मात्र अनुसन्धानलाई व्यवस्थित तरिकाले अगाडि बढाउन सकिन्छ । यस अनुसन्धानलाई उपलब्धिमूलक तथा व्यवस्थित तरिकाले अगाडि बढाउन निम्नानुसारका सीमा तोकिएको छ :

(क) यस अनुसन्धान काठमाडौं जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यायलहरूका कक्षा एघारमा अध्ययनरत १०० विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(ख) लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययनका मात्र सीमित रहेको छ ।

(ग) विद्ययालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययनका मात्र सीमित रहेको छ ।

(घ) अध्ययनको निष्कर्ष नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा गरिने तथ्याङ्कशास्त्रीय विश्लेषणमा आधारित रहेको छ ।

## १.६ शोधकार्यको रूपरेखा

यस शोधकार्यलाई पूर्णता प्रदान गर्नको लागि निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधको परिचय

१.१ पृष्ठभूमि

१.२ समस्या कथन

१.३ शोधको उद्देश्य

१.४ शोधको औचित्य

१.५ शोधको सीमा

१.६ शोधपत्रको रूपरेखा

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा

२.१.१ कृति समीक्षा

२.१.२ शोध समीक्षा

२.२ शुभकामनाको सैद्धान्तिक अवधारणा

२.२.१ विषय प्रवेश

२.२.२ शुभकामनाको परिचय

२.२.३ शुभकामनाको संरचना

२.२.३.१ आदि भाग

२.२.३.२ मध्य भाग

२.२.३.३ अन्त्य भाग

२.२.४ शुभकामनाको प्रकार

२.२.४.१ वैयक्तिक शुभकामना

२.२.४.२ सार्वजनिक शुभकामना

२.२.५ शुभकामनाको भाषाशैली

२.२.६ शुभकामनाका विशेषता

२.२.७ शुभकामना लेख्ने तरिका

२.२.८ लेखन सिप र शुभकामना लेखन

२.२.९ शुभकामना लेखनको उद्देश्य

२.२.१० शुभकामनाको शिक्षण प्रक्रिया

अध्याय तिन : शोधविधि र अध्ययन प्रक्रिया

३.१ अध्ययन विधि

३.२ जनसङ्ख्या र नमुना छनोट

३.३ सामग्री निर्माण

३.४ सामग्रीको पूर्वपरीक्षण

३.५ परीक्षण

३.६ सामग्री सङ्कलनका स्रोत

३.६.१ प्राथमिक स्रोत

३.६.२ द्वितीयक स्रोत

३.७ सामग्री सङ्कलन प्रक्रिया

३.८ अङ्कन प्रक्रिया

३.९ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

४.१ समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको स्थिति

४.२ समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विश्लेषण

४.३ समग्र विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विश्लेषण

४.४ समग्र विद्यार्थीहरूको लैङ्गिकताका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विश्लेषण

अध्याय पाँच : सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

५.१ विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण

५.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

५.३ संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

५.४ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना

५.५ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

५.६ संस्थमगत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

५.७ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना

५.८ समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलना

अध्याय छ : लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको विश्लेषण

६.१ लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण

६.२ छात्रहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

६.३ छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको विश्लेषण

६.४ छात्र र छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमताको तुलना

६.५ छात्रहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

६.६ छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको विश्लेषण

६.७ छात्र र छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमताको तुलना

६.८ समग्रमा छात्र र छात्राहरूको शुभकामना लेखन क्षमताको तुलना

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश

७.२ निष्कर्ष

७.३ उपयोगिता

७.३.१ नीतिगत तह

७.३.२ प्रयोगगत तह

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धानात्मक कार्यको थालनी गर्नुभन्दा अगाडि त्यस विषयका भए गरिएका पूर्वकार्यहरूको जानकारी लिनु आवश्यक हुन्छ । अनुसन्धान गर्नुभन्दा अगाडि सम्बन्धित शीर्षकसँग विगतमा भएका अध्ययन अनुसन्धानहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसभन्दा अगाडि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन, आदि) को व्यवस्थित अध्ययन गरी ती सबै कार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । कुनै पनि विषयका अनुसन्धान गर्ने सोच बनाउने बित्तिकै त्यस विषयमा के कस्ता सैद्धान्तिक अवधारणाहरूको विकास भएको छ, के कति खोज र अनुसन्धान भई सकेका छन् र कुन कुन क्षेत्र र पक्षमा अनुसन्धान हुन बाँकी छन् भन्ने कुराको जानकारी हुन्छ । यसबाट शोधार्थीमा त्यस पूर्व सम्बन्धित विषय वा शीर्षकमा के कस्ता अध्ययन अनुसन्धान भएका छन् सो कुराको थाहा पाउन सजिलो हुन्छ । यस कार्यबाट आफ्नो अनुसन्धानलाई सरल, सहज तरिकाबाट अगाडि बढाउन सजिलो हुन्छ ।

पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई मार्ग दर्शन गर्न, व्यवस्थित गर्न तथा उपलब्धिमूलक बनाउन सहयोग गर्दछ । साथै यसले सम्बन्धित विषयमा त्यस पूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम हुन बाँकी छन् भन्ने कुराको जानकारी दिन्छ । अतः अनुसन्धानमा पूर्वकार्यको समीक्षा निकै उपयोगी हुन्छ । विद्यार्थीहरूको भाषिक क्षमता (श्रुतिबोध क्षमता, पठनबोध क्षमता, शब्दभण्डार क्षमता, बुँदा टिपोट क्षमता, चिठी लेखन क्षमता आदि) हरूमा पर्याप्त अध्ययन अनुसन्धान भएका पाइन्छन् । तर लेखन क्षमता अन्तर्गत पर्ने शुभकामना लेखन क्षमतासँग सम्बन्धित अध्ययन अनुसन्धानको अभाव रहेको देखिन्छ । तथापि विभिन्न विद्वान्द्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्य सामग्रीहरूमा उल्लेख गरिएका शुभकामना लेखनसँग सम्बन्धी चर्चा, निश्चित तह पुरा गर्नका लागि तयार पारिएका सामग्री र शुभकामना लेखन सम्बन्धी हालसम्म भएका अनुसन्धानलाई पूर्वाध्ययनको रूपमा निम्नानुसार चर्चा गरिएको छ :

### २.१.१ कृति समीक्षा

विभिन्न विद्वान्हरूद्वारा अध्ययन अध्यापनका लागि तयार पारिएका पाठ्यसामग्रीमा तथा सन्दर्भ पुस्तकहरूमा उल्लेख गरिएका शुभकामनासम्बन्धी विषयवस्तुहरूको निम्नानुसार चर्चा गरिएको छ :

पराजुली (२०५३), द्वारा लिखित **'नेपाली रचना कला'** पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको पाइन्छ । यस पुस्तकमा थोरै तर मिठा शब्दमा कलात्मक कार्डहरू बनाएर आफ्ना अन्तरङ्ग मित्रलाई उपयुक्त पर्व उत्सवमा शुभकामना पत्र दिनुपर्ने कुरा उल्लेख गरिएको पाइन्छ । साथै यस पुस्तकमा शुभकामनाका नमुनाहरू प्रस्तुत गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत भएकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा अनुसन्धान कार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याउने देखिन्छ ।

अधिकारी र भट्टराई (२०६३), द्वारा सम्पादित **'प्रयोगात्मक नेपाली शब्दकोश'** मा शुभकामना शब्द 'शुभ' र 'कामना'को योगबाट बनेको तत्सम शब्दको रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा शुभकामनाको अर्थ अरूको भलाइको चाहना वा शुभेच्छा भनी प्रस्तुत गरिएको पाइन्छ । साथै कुनै असल कार्यको आरम्भ, जन्मोत्सव, जन्मजयन्ती, विशेष पर्व वा उत्सव आदिको उपलक्ष्यमा दिइने मङ्गलको सन्देशको रूपमा शुभकामनालाई अर्थ्याइएको पाइन्छ । यस शब्दकोशमा शुभकामना शब्दको निर्माण प्रक्रिया, स्रोत, अर्थ र परिभाषा प्रस्तुत गरिएकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६९), द्वारा प्रकाशित **'नेपाली बृहत् शब्दकोश'** मा शुभकामनाको अर्थ दिइएको पाइन्छ । यसमा शुभकामनालाई भलाइको चाहना, शुभेच्छा, कुनै विशेष पर्व वा अवसरमा साथी सँगाती वा इष्टमित्रहरूलाई कल्याण चिताई दिइने वा पठाइने सन्देशका रूपमा अर्थ्याइएको पाइन्छ । यस शब्दकोशमा शुभकामना शब्दको अर्थ र परिभाषा दिइएकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

गौतम, भण्डारी र ओझा (२०७१), द्वारा लिखित **'स्नातक नेपाली'** पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा आफ्ना इष्टमित्र, शुभचिन्तक, तथा साथीभाइहरूलाई विशेष सन्दर्भ वा अवसरमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै दिइने, पठाइने वा व्यक्त गरिने सन्देशलाई शुभकामनाको रूपमा चिनाइएको पाइन्छ । साथै कुनै व्यक्तिको जन्मदिनको अवसरमा प्रदान गरिने शुभकामनालाई वैयक्तिक शुभकामना र दशैं, तिहार, छठ, नयाँ वर्ष जस्ता चाडपर्वमा दिइने शुभकामनालाई सार्वजनिक शुभकामना हुन भनी शुभकामनालाई दुई भागमा विभाजन गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको एउटा नमुना प्रस्तुत गरिएको छ । साथै अभ्यास खण्डमा शुभकामना लेखनका लागि प्रश्नहरू समावेश गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत भएकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा अनुसन्धान कार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याउने देखिन्छ ।

श्रेष्ठ, गौतम र अधिकारी (२०७२), द्वारा लिखित **'सुबोध अनिवार्य नेपाली'** पुस्तकमा शुभकामना र यसको लेखन प्रक्रियाका बारेमा चर्चा गरिएको पाइन्छ । यस पुस्तकमा निश्चित अवसर, समय र प्रयोजनसँग सम्बद्ध भई सोही प्रयोजनका निम्ति असल/शुभमङ्गल कामनाको रूपमा अभिव्यक्त गरिने कथन र त्यस्तो कथनको लेखन शुभकामना लेखन हो भनी परिभाषित गरिएको पाइन्छ । साथै नयाँ वर्ष, विशेष चाडपर्वहरू, ब्रतबन्ध, विवाह र अन्य माङ्गलिक कार्य, कुनै विशेष उपलब्धिहरूको प्राप्ति आदिका सन्दर्भमा शुभकामना व्यक्त गरिने कुरा उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको नमुना र शुभकामना लेखनसम्बन्धी अभ्यासको व्यवस्था गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत भएकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा अनुसन्धान कार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याउने देखिन्छ ।

खनिया र अन्य (२०७२), द्वारा लिखित **'स्नातक अनिवार्य नेपाली'** पुस्तकमा शुभकामनाको नमुना मात्र प्रस्तुत गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको सैद्धान्तिक चर्चा नगरी एउटा नमुना मात्र समावेश गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामना लेखनका लागि अभ्यासको व्यवस्था गरिएको पाइँदैन । यस पुस्तकमा शुभकामनाको परिचय,

प्रकार तथा नमुना प्रस्तुत भएकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न तथा अनुसन्धान कार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याउने देखिन्छ ।

दाहाल (२०७२), द्वारा लिखित **'स्नातक नेपाली'** पाठ्य पुस्तकमा कुनै साथी, नातेदारले प्राप्त गरेको उपलब्धि वा खुसियालीका अवसरका बधाई वा शुभकामना दिनुलाई सामाजिक प्रवृत्तिका रूपमा उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा बधाई वा शुभकामना केका लागि हो सोही अनुरूप शब्द चयन गर्नुपर्ने कुरा उल्लेख गरिएको पाइन्छ । नजिकैको व्यक्तिलाई बधाई वा शुभकामना दिँदा हात मिलाएर वा अङ्कमाल गरेर मौखिक रूपमा दिनु बढी प्रभावकारी हुने कुरा प्रस्तुत गरिएको पाइन्छ । यस पुस्तकमा बधाई वा शुभकामनामा प्रयोग हुने पद पदावलीहरूलाई प्रस्तुत गरिएको पाइन्छ ।

अधिकारी (२०७३), द्वारा लिखित **'माध्यमिक शिक्षक स्रोत सामग्री नेपाली'** पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनालाई कुनै विशेष अवसरमा इष्टमित्र, सँगी, साथी, बन्धुबान्धव, विशिष्ट व्यक्ति आदिलाई तिनको उत्तरोत्तर प्रगति, सुस्वास्थ्य, दीर्घायु, सुख र शान्ति होस् भनेर व्यक्त गरिने शुभइच्छाका रूपमा परिभाषित गरिएको पाइन्छ । साथै शुभकामनालाई वैयक्तिक र सार्वजनिक गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । यस्ता शुभकामनाहरू आफैँ सम्बन्धित व्यक्तिलाई भेटेर, फोन गरेर, कार्ड छपाएर, सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गराएर व्यक्त गर्न सकिने कुरा उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको नमुना पनि प्रस्तुत गरिएको पाइन्छ ।

ओझा (२०७३), द्वारा लिखित **'माध्यमिक शिक्षक दिग्दर्शन'** पुस्तकमा शुभकामनाको बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा आफ्ना इष्टमित्र, शुभचिन्तक, तथा साथीभाइहरूलाई विशेष सन्दर्भ वा अवसरमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै दिइने, पठाइने वा व्यक्त गरिने सन्देशलाई शुभकामनाको रूपमा चिनाइएको पाइन्छ । साथै कुनै व्यक्तिको जन्मदिनको अवसरमा प्रदान गरिने शुभकामनालाई वैयक्तिक शुभकामना र दशैं, तिहार, छठ, नयाँ वर्ष जस्ता चाडपर्वमा दिइने शुभकामनालाई सार्वजनिक शुभकामना हुन भनी शुभकामनालाई दुई भागमा विभाजन गरिएको पाइन्छ । यस पुस्तकमा शुभकामनाको एउटा नमुना प्रस्तुत गरिएको छ । यस पुस्तकमा

शुभकामनाको परिचय, प्रकार तथा नमुना प्रस्तुत गरिकाले प्रस्तुत अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

### २.१.२ शोध समीक्षा

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह पूरा गर्नका लागि गरिएका अनुसन्धानहरूमा शुभकामना लेखनसँग सम्बन्धित हालसम्म भएका अनुसन्धानलाई निम्नानुसार चर्चा गरिएको छ :

ओली (२०६८) द्वारा **'रूकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा रूकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, विद्यार्थीहरूको विद्यालयगत, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, चिठी लेखन सम्बन्धी कमी कमजोरी पहिचान गरी निराकरणका उपायहरू पहिल्याउनु रहेका छन् । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रहेको छ । यस अध्ययनमा रूकुम जिल्लाका चार चारओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा रूकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी छात्राहरूको भन्दा छात्रहरूको चिठी लेखन क्षमता उच्च रहेको र सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

कँडेल (२०६८), द्वारा **'बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारू भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, थारू भाषी विद्यार्थीहरूको विद्यालयगत र लैङ्गिक आधारमा तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीबिच तुलना गर्नु रहेका छन् । यस अध्ययनमा तिन तिनओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट

९६ जना थारूभाषी विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस शोधमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको तथा समग्रमा चिठी लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यसले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

बिष्ट (२०६८) द्वारा **'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, विद्यार्थीहरूको विद्यालयगत, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, र विद्यार्थीहरूका चिठी लेखन सम्बन्धी कमी कमजोरीहरू पहिचान गरी निराकरणका उपायहरू सुझाउनु रहेका छन् । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रहेको छ । यस अध्ययनमा तिन तिनओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको समग्रमा चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी पहिलो भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता दोस्रो नेपाली भाषी विद्यार्थीहरूको भन्दा केही मात्रामा सन्तोषजनक देखिएको निष्कर्ष निकालिएको छ । त्यसैगरी छात्राहरूको भन्दा छात्रहरूको चिठी लेखन क्षमता राम्रो रहेको र सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

शाही (२०६८), द्वारा **'चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन'** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु, सरकारी र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा

निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, ती विद्यार्थीहरूका चिठी तथा निवेदन लेखनसम्बन्धी कमीकमजोरीहरू पहिल्याउनु एवम् सुधारात्मक सुझावहरू दिनु रहेको छ । क्षेत्रीय अध्ययन विधि अपनाइएको यस अध्ययनमा ५ ओटा सामुदायिक र ५ आ्टा संस्थागत विद्यालयबाट १०/१० जना नमुना छनोट गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस शोधमा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । साथै छात्र र छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको कुरा पुस्टि गरिएको छ । यो अनुसन्धान चिठी तथा निवेदन लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले यस अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

खड्का (२०६९), द्वारा **'कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन'** शीर्षकको शोध तयार पारिएको छ । उक्त कार्यमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ । साथै भाषिक र लैङ्गिक आधारमा पनि विद्यार्थीहरूको निवेदन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । समग्रमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता ४५ प्रतिशत विद्यार्थीहरूको ५५ प्रतिशतभन्दा माथि अङ्क रहेको पाइन्छ । यस शोधमा मातृभाषी विद्यार्थीहरूको क्षमता बढी रहेको साथै संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता पनि बढी रहेको कुरा प्रस्तुत गरिएको पाइन्छ । यो अनुसन्धान निवेदन लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले यस अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

भण्डारी (२०६९) द्वारा **'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्यमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति

पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, र विद्यार्थीहरूका चिठी लेखन सम्बन्धी कमी कमजोरीहरू पहिचान गरी निराकरणका उपायहरू सुझाउनु रहेका छन् । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा स्याङ्जा जिल्लाका तिन तिन ओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको समग्रमा चिठी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी पहिलो नेपाली भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता दोस्रो नेपाली भाषी विद्यार्थीहरूको भन्दा उच्च रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी छात्राहरूको तुलनामा छात्रहरूको चिठी लेखन क्षमता केही राम्रो रहेको र सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

देवकोटा (२०७१), द्वारा **'रसुवा जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'** शीर्षकमा शोध तयार गरिएको छ । कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक नरहेको देखाइएको छ । भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा मातृभाषी र छात्राहरूको चिठी लेखन क्षमता बढी रहेको देखाइएको छ । साथै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा दुवै विद्यालयका विद्यार्थीहरू कमजोर रहेको देखाइएको छ । यो अनुसन्धान चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

तिवारी (२०७२), द्वारा **'काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन'** शीर्षकमा शोध तयार गरिएको छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस शोधमा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको र छात्रको तुलनामा छात्राहरूको चिठी लेखन क्षमता बढी रहेको देखाइएको छ । तथा समग्रमा चिठी लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यो अनुसन्धान चिठी लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले यस अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

पन्त (२०७२), द्वारा **कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'** शीर्षकमा शोध तयार गरिएको छ । कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा कञ्चनपुर जिल्लाका चार चारओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम रहेको देखाइएको छ । भाषिक र लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा मातृभाषी र छात्राहरूको अनुच्छेद लेखन क्षमता बढी रहेको देखाइएको छ । साथै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखाइएको छ । यो अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस

अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

निरौला (२०७३), द्वारा **तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'** शीर्षकमा शोध तयार गरिएको छ । तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा तेह्रथुम जिल्लाका चार चारओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यम रहेको देखाइएको छ । भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा मातृभाषी र छात्राहरूको अनुच्छेद लेखन क्षमता बढी रहेको देखाइएको छ । साथै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको देखाइएको छ । यो अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस अनुसन्धानले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

खनाल (२०७३), द्वारा **काठमाडौं जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन'** शीर्षकमा शोध तयार गरिएको छ । काठमाडौं जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु र कथा लेखनसम्बन्धी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा काठमाडौं जिल्लाका तिन

तिनओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता सामान्य रहेको देखाइएको छ । भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा नेपाली मातृभाषी र छात्राहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखाइएको छ । साथै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता राम्रो रहेको देखाइएको छ । यस अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यसले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

सुनार (२०७३), द्वारा **नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'** शीर्षकमा शोध तयार गरिएको छ । नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । प्रस्तुत शोधका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा नवलपरासी जिल्लाका पाँच पाँचओटा सामुदायिक र संस्थागत विद्यालयहरूबाट जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको देखाइएको छ । लैङ्गिक आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्राहरूको निवन्ध लेखन क्षमता बढी रहेको देखाइएको छ । साथै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको देखाइएको छ । यो अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यसले चिठीअन्तर्गत पर्ने शुभमकामना लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

प्रस्तुत अध्ययनबाट व्यावहारिक लेखनअन्तर्गतका चिठी, निवेदन, प्रतिवेदन आदिजस्ता विषयहरूमा प्रशस्त अध्ययनहरू भएका पाइन्छन् । तर व्यावहारिक लेखनअन्तर्गत पर्ने शुभकामना लेखन क्षमताको बारेका हालसम्म कुनै पनि किसिमका अध्ययन अनुसन्धान भएका पाइँदैनन् । तसर्थ यस अनुसन्धानलाई नै शुभकामना लेखन क्षमताको बारेमा गरिएको पहिलो अनुसन्धान मान्न सकिन्छ । विद्यार्थीहरूलाई लेखन सिपको विकास गर्न सिर्जनात्मक लेखनका साथसाथै व्यावहारिक लेखनको पनि अभ्यास गराउनु सान्दर्भिक देखिन्छ । यसर्थ यही आवश्यकतालाई मध्यनजर गर्दै एवम् समसामयिक खोज अनुसन्धानको विषय पनि भएकाले उक्त शीर्षक छनोट गर्नु र त्यही शीर्षकमा आधारित भएर अध्ययन अनुसन्धान गर्नु सान्दर्भिक देखिएको छ ।

मानवीय जीवनमा आइपर्ने विभिन्न उत्सव, चाडपर्व, प्राप्ति, विशेष उपलब्धि, जन्मदिन, विवाह, ब्रतबन्ध आदि जस्ता विशेष अवसरमा आफ्ना आफन्तजन, इष्टमित्र, बन्धुबान्धबहरूलाई शुभकामना दिने प्रचलन हाम्रो समाजमा विद्यमान देखिन्छ । यस अवस्थमा उच्च माध्यमिक तहका विद्यार्थीहरूमा पनि शुभकामना लेख्ने क्षमताको राम्रो विकास भएको पाइँदैन । यसर्थ उच्च माध्यमिक तहका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन गर्नुमा नै यस अनुसन्धान केन्द्रित रहने छ ।

## २.२ शुभकामनाको सैद्धान्तिक अवधारणा

### २.२.१ विषय प्रवेश

भाषा मानवीय विचार विनिमयको माध्यम हो । यसमा बोध र अभिव्यक्ति पक्षहरू मुख्य रूपमा आएका हुन्छन् । मानिसले बोलेर र लेखेर आफ्ना भाव सम्प्रेषण गर्दछ । यसर्थ मौखिक र लिखित तरिकाबाट अभिव्यक्ति गर्न सकिन्छ । लिखित अभिव्यक्ति पनि सिजर्नात्मक र व्यावहारिक गरी दुई प्रकारको हुन्छ । सिर्जनात्मक लेखन अन्तर्गत कथा, कविता, निबन्ध, नाटक आदि पर्दछन् । त्यसैगरी व्यावहारिक लेखन अन्तर्गत चिठी, तमसुक, भरपाई, विज्ञापन, निमन्त्रणा पत्र, शुभकामना पत्र, समवेदना आदि पर्दछन् । व्यावहारिक लेखन अन्तर्गत पर्ने शुभकामनाले मानवीय जीवनका वैयक्तिक तथा सामाजिक आवश्यकता पुरा गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## २.२.२. परिचय

शुभकामना शब्द 'शुभ' र 'कामना' शब्दहरूको योगबाट बनेको तत्सम शब्द हो (अधिकारी र भट्टराई, २०६३ : ९४३) । यसको शाब्दिक अर्थ अरूको भलाइको चाहना गर्ने काम भन्ने हुन्छ । आफ्ना इष्टमित्र, शुभचिन्तक तथा साथीभाइहरूलाई विशेष सन्दर्भ वा अवसरमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै दिइने, पठाइने वा व्यक्त गरिने सन्देशलाई शुभकामना भनिन्छ (गौतम, भण्डारी र ओझा, २०७१ : १४६) । कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथी, बन्धुबान्धब, विशिष्ट व्यक्ति आदिलाई तिनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, पूर्णआयु, सुख, शान्ति, समृद्धिको चाहना गर्दै दिइने अभिव्यक्तिलाई नै शुभकामना भनिन्छ । थोरै तर मिठा शब्दमा कलात्मक कार्डहरू बनाएर आफ्ना अन्तरङ्ग मित्रलाई उपयुक्त पर्व उत्सवमा शुभकामना पत्र दिनुपर्दछ (पराजुली, २०५३ : ९९) । यसलाई आफैँ सम्बन्धित व्यक्तिलाई भेटेर, फोन गरेर, कार्डमा छपाएर, पत्रपत्रिकामा छपाएर, एफ. एम., रेडियो, टेलिभिजन आदिमा प्रसार गराएर व्यक्त गरिन्छ ।

शुभकामनामा अरूको उन्नति, प्रगति तथा भलाइको चाहना व्यक्त गरिएको हुन्छ । प्रयोगात्मक नेपाली शब्दकोशले शुभकामना शब्दलाई अरूको भलाइको चाहना वा शुभेच्छा भनी अर्थ्याइएको पाइन्छ । कुनै असल कार्यको आरम्भ, जन्मोत्सव, जन्मजयन्ती, विशेष पर्व वा उत्सव आदिको उपलक्ष्यमा दिइने मङ्गलको सन्देश शुभकामना हो (अधिकारी र भट्टराई, २०६३ : ९४३) । यसमा शुभकामनामको विषय सन्दर्भ, प्रयोजन, माङ्गलिक चाहना, शुभकामना दिने व्यक्तिको नामथर उल्लेख गरिएको हुन्छ । यसमा शुभकामना दिने र लिने प्रक्रिया भएकाले यसमा व्यक्ति तथा संस्था प्रमुख हुन्छन् । शुभकामना दिने सन्दर्भमा यसको सम्प्रेषणका लागि प्रेषक, प्रापक, सन्देश, सन्दर्भ, सम्पर्क र संहिता जस्ता घटकहरू मुख्य रूपमा आएका हुन्छन् (सुवेदी र गौतम, २०६८ : ६०) । निश्चित अवसर, समय र प्रयोजनसँग सम्बद्ध भई सोही प्रयोजनका निम्ति असल शुभमङ्गल कामनाका रूपमा अभिव्यक्त गरिने कथन शुभकामना हो (श्रेष्ठ, गौतम र अधिकारी, २०७२ : १७२) । नयाँ वर्ष, विशेष चाडपर्वहरू, ब्रतबन्ध, विवाह र अन्य माङ्गलिक कार्य, कुनै विशेष उपलब्धिहरूको प्राप्ति आदिका सन्दर्भमा शुभकामना व्यक्त गरिन्छ ।

### २.२.३ शुभकामनाको संरचना

शुभकामनाको संरचनालाई आदि, मध्य र अन्त्य गरी तिन भागमा विभाजन गर्न सकिन्छ । यसको चर्चा निम्नानुसार गरिएको छ :

#### २.२.३.१ आदि भाग

शुभकामनाको आदि भागमा शुभकामना शब्दलाई बोल्ड गरेर लेखिएको हुन्छ । यस भागमा कतै कतै शुभेच्छा प्रकट गर्ने श्लोक पनि समावेश गरिएको पाइन्छ । यसलाई शुभकामना पत्रको पङ्तिको बिचमा लेखिन्छ । यसबाट प्रापकलाई पत्रको भाव बुझ्न सजिलो हुन्छ । जस्तै :

**शुभकामना**

#### २.२.३.२ मध्य भाग

यो शुभकामनाको मूल भाग हो । यसमा शुभकामना दिने व्यक्तिले शुभकामनाको विषय सन्दर्भलाई स्पष्ट पारी आफन्त, साथी, इष्टमित्र आदिको उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धिको चाहना व्यक्त गरेको हुन्छ । यस भागमा हर्ष, खुसी, उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि मङ्गल जस्ता शुभसूचक शब्दको प्रयोग गरिएको हुन्छ । यही भागले नै शुभकामनाको वास्तविक रूप निर्धारण गरेको हुन्छ । जस्तै :


*विजया दशमी, शुभ दीपावली तथा छठ २०७२ को पावन अवसरमा सम्पूर्ण नेपाली बुबा, आमा, दाजु, भाइ तथा दिदी बहिनीहरूमा उत्तरोत्तर प्रगतिको कामना गर्दै सुख, शान्ति, सुस्वास्थ्य एवम् समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।*

### २.२.३.३ अन्त्य भाग

शुभकामनाको अन्तिम भागमा शुभकामना दिने व्यक्ति वा संस्थाको नाम ठेगाना प्रस्तुत गरिएको हुन्छ । यस भागमा कतै कतै आकर्षक चित्रहरू समावेश गरिएको पाइन्छ । जस्तै :

पिनाकल पब्लिकेसन प्रा. लि.
प्रकाशक तथा वितरक
पुतली सडक, काठमाडौँ
फोन : ०१-४१६७७१७

**शुभकामनाको संरचनालाई थप प्रस्ट पार्न तलको नमुना हेर्न सकिन्छ :**




### २.२.४ शुभकामनाका प्रकार

शुभकामना मौखिक र लिखित गरी दुई प्रकारको हुन्छ । मौखिक शुभकामना व्यक्तिलाई प्रत्यक्ष रूपमा भेटेर, फोन गरेर दिन सकिन्छ भने लिखित शुभकामना पत्र, इमेल आदिबाट प्रदान गर्न सकिन्छ । तापनि शुभकामना सम्बन्धित व्यक्तिलाई नै प्रत्यक्ष रूपमा

भेटेर दिनु राम्रो मानिन्छ । प्रयोजनका आधारमा शुभकामनाहरू वैयक्तिक र सार्वजनिक गरी दुई प्रकारका हुन्छन् (गौतम, भण्डारी र ओझा, २०७१ : १४७) । यिनीहरूको चर्चा निम्नानुसार गर्न सकिन्छ :

### २.२.४.१ वैयक्तिक शुभकामना

कुनै व्यक्तिको जन्मदिन, ब्रतबन्ध, विवाह, व्यापार, व्यावसाय तथा जागिर शुभारम्भको अवसरमा उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धिको चाहना गर्दै प्रदान गरिने शुभकामनालाई वैयक्तिक शुभकामना भनिन्छ (गौतम, भण्डारी र ओझा, २०७१ : १४७) । यो कुनै व्यक्ति विशेषको विशेष अवसरमा मात्र प्रदान गरिने भएकाले यसमा शुभकामना दिने मात्र गरिन्छ । त्यसैले यसलाई एकमुखी प्रक्रियाका रूपमा लिइन्छ ।

### २.२.४.२ सार्वजनिक शुभकामना

नयाँ वर्ष, तीज, दशैं, तिहार, छठ, होली आदि जस्ता चाडपर्वहरूमा आफन्तजन, साथीभाइ तथा बन्धुबान्धबलाई उनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धिको चाहना गर्दै प्रदान गरिने शुभकामनालाई सार्वजनिक शुभकामना भनिन्छ (ओझा, २०७३ : ३३६) । यो सार्वजनिक चाडपर्वका अवसरमा मात्र प्रदान गरिने भएकाले यसलाई सामूहिक रूपमा वा वैयक्तिक रूपमा पनि दिन सकिन्छ । यसमा शुभकामना दिने र लिने प्रक्रिया मुख्य हुन्छन् । त्यसैले यसलाई दुईमुखी प्रक्रियाका रूपमा लिइन्छ ।

## २.२.५ शुभकामनाको भाषाशैली

शुभकामना पत्रमा प्रयोग गरिने भाषाशैली सरल र स्पष्ट हुनुपर्दछ । भाषामा शुभेच्छा झल्केको हुनुपर्दछ । यसमा आकर्षक र सूत्रात्मक भाषाशैलीको प्रयोग गनुपर्दछ । आकर्षक लेखन विन्यास ढाँचाको प्रयोग गरी (सोझो, चारपाटे, आयातकार, वर्गाकार र त्रिकोणात्मक ढाँचा) आदिको विविधतामय शैली अपनाउन सकिन्छ (श्रेष्ठ, गौतम र अधिकारी, २०७२ : १७२) । यसमा हर्ष, खुसी, मङ्गल र अन्य शुभसूचक शब्दको प्रयोग र समुन्नतिको कामनाको भाषाको प्रयोग गरिएको हुन्छ ।

## २.२.६ शुभकामनाका विशेषताहरू

शुभकामनामा नयाँ वर्ष, विशेष चाडपर्वहरू, ब्रतबन्ध, विवाह तथा अन्य माङ्गलिक कार्यहरूको प्राप्ति आदिको अवसरमा आफ्ना इष्टमित्र, साथी, बन्धुबान्धब, आफन्तजन आदिलाई उनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, सुख, शान्ति, समृद्धिको कामना गरिन्छ । यसमा अरूको भलाइको चाहना व्यक्त गरिन्छ । यसका आदि, मध्य र अन्त्य गरी तिन भाग हुन्छन् । यसमा शुभकामना दिने विषय र सन्दर्भलाई स्पष्ट पारिएको हुन्छ । वैयक्तिक शुभकामना दिँदा प्रथम पुरूषीय शैली र सार्वजनिक शुभकामना दिँदा द्वितीय पुरूषीय शैली अपनाइन्छ । यसमा हर्ष, खुसी, मङ्गल, र अन्य शुभसूचक शब्दको प्रयोग गरिएको हुन्छ । यसमा सरल, स्वाभाविक र स्पष्ट भाषाशैलीको प्रयोग गरिएको हुन्छ । वैयक्तिक शुभकामनामा व्यक्तिको फोटो र अन्य आकर्षक चित्र फूल आदि समावेश हुन्छ भने संस्थागत शुभकामनामा संस्थाको लोगो, छाप तथा मुख्य व्यक्तिको नाम उल्लेख गरिएको हुन्छ ।

उपर्युक्त विशेषता भएको शुभकामना सम्प्रेषणका लागि प्रेषक, प्रापक, सन्देश, सन्दर्भ, सम्पर्क र संहिता जस्ता छओटा घटकहरू आवश्यक हुन्छ (सुवेदी र गौतम, २०६८ : ६०) । प्रेषक भनेको शुभकामना पठाउने वक्ता वा लेखक हो भने प्रापक भनेको शुभकामना पाउने व्यक्ति, श्रोता वा पाठक हो । सन्देश भनेको प्रेषकले प्रापकलाई पठाएको शुभकामना हो । सन्देश वा शुभकामनाको कथ्य वा अर्थ सन्दर्भ हो । प्रेषक र प्रापक बिचको सम्बन्ध सम्पर्क हो । संहिता भनेको प्रेषकले सन्देश भाषाबद्ध गर्ने र प्रापकले सन्देश फुकाउने नियम हो (सुवेदी र गौतम, २०६८ : ६०) । यो सङ्क्षिप्त भएपनि आँफैमा पूर्ण हुन्छ ।

## २.२.७ शुभकामना लेख्ने तरिका

कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथी, बन्धुबान्धब, विशिष्ट व्यक्ति आदिलाई तिनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, पूर्णआयु, सुख, शान्ति, समृद्धिको चाहना गर्दै दिइने अभिव्यक्तिलाई नै शुभकामना भनिन्छ । कुनै असल कार्यको आरम्भ, जन्मोत्सव, जन्मजयन्ती, विशेष पर्व वा उत्सव आदिको उपलक्ष्यमा दिइने मङ्गलको सन्देश शुभकामना हो । यसमा अरूको उन्नति, प्रगति तथा भलाइको चाहना व्यक्त गरिएको हुन्छ । यसमा

शुभकामनामको विषय सन्दर्भ, प्रयोजन, माङ्गलिक चाहना, शुभकामना दिने व्यक्तिको नामथर उल्लेख गरिएको हुन्छ । शुभकामना लेख्ने तरिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शुभकामना लेख्नु भन्दा पहिले एउटा बाकस बनाउने,
- बाकसको पहिलो पङ्क्तिको बिचमा शुभकामना शब्दलाई केही ठुलो आकारमा लेख्ने,
- शुभकामना दिने सन्दर्भ वा विषय उठान गर्ने,
- शुभकामना दिने सन्दर्भ वा विषयअनुसारका शुभसूचक पद तथा पदावलीको चयन गर्ने,
- शुभसूचक जनाउने पद तथा पदावलीहरूलाई निश्चित ढाँचामा मिलाएर लेखी शुभकामना व्यक्त गर्ने,
- शुभकामना लेखी सकेपछि शुभकामनाको दायाँ भागमा शुभकामना लेख्ने व्यक्तिको नाम, थर तथा ठेगाना लेख्ने,
- शुभकामनाको अन्त्यतिर आकर्षक चित्रहरू पनि समावेश गर्न सकिने,
- सरल, सहज र सङ्क्षिप्त भाषाशैलीको प्रयोग गर्नुपर्ने, आदि ।

## २.२.८ लेखन सिप र शुभकामना लेखन

लेखाइ भाषाको उत्तरवर्ती सिप हो । आफ्ना भावना, विचार, अनुभव तथा अनुभूतिहरूलाई लिपिबद्ध भाषामा व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । यो शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण अङ्ग हो । विद्यार्थीहरूमा विभिन्न विषयमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा, शुभकामना, समवेदना तथा साहित्यका विविध विधा रचना गर्न सक्ने क्षमता विकासका लागि लेखाइ शिक्षण गरिन्छ । यसर्थ लेखाइ सिप विकास गर्न गरिने शिक्षणलाई नै लेखाइ शिक्षण भनिन्छ ।

लेखाइ शिक्षण विद्यार्थीहरूमा विचार विनिमय गर्न, भाषाका बोध र अभिव्यक्ति सिप विकास गर्न आवश्यक देखिन्छ । लेखाइ शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा व्यावहारिक, व्यावसायिक तथा सामाजिक आवश्यकताहरू पुरा गर्न सक्ने क्षमता विकास गराउन सकिन्छ । भाषा पाठ्यक्रममा लेखाइ सिप विकास गर्न चिठी (विधा) लेखनलाई पनि समावेश गरिएको पाइन्छ । चिठी अन्तर्गत चिठी (घरयासी, कार्यलयीय र व्यापारिक) निवेदन,

निमन्त्रणा, शुभकामना, समवेदना आदि पर्दछन् । यसर्थ विद्यार्थीहरूमा लेखन सिपको विकास गराउन चिठी विधा उपयोगी देखिन्छ । शुभकामना शिक्षणबाट विद्यार्थीहरूले आफ्ना जीवनका व्यावहारिक तथा सामाजिक आवश्यकताहरू पुरा गर्न सक्दछन् ।

## २.२.९ शुभकामना लेखनको उद्देश्य

कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथी, बन्धुबान्धब, विशिष्ट व्यक्ति आदिलाई तिनीहरूको उन्नति, प्रगति, सुस्वास्थ्य, पूर्णआयु, सुख, शान्ति, समृद्धिको चाहना गर्दै दिइने अभिव्यक्ति नै शुभकामना हो । यसको मुख्य उद्देश्य अरूको उन्नति, प्रगति तथा भलाइको कामना गर्नु हो । शुभकामना लेखनको उद्देश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शुभकामना लेख्ने ढाँचासँग परिचित गराउनु,
- कुनै विशेष अवसरमा आफ्ना इष्टमित्र, साथीभाइ आदिलाई शुभकामना दिन सक्षम बनाउनु,
- शुभकामना दिने विषय वा सन्दर्भ अनुसारका शुभसूचक शब्दहरूको चयन गरी शुभकामना व्यक्त गर्न सक्ने क्षमता विकास गर्नु,
- व्यावहारिक तथा सामाजिक आवश्यकता पूरा गर्नु,
- कुनै विशेष सन्दर्भमा शुभकामना लेख्न सक्ने क्षमताको विकास गर्नु,
- विभिन्न प्रकारका शुभकामना लेख्न सक्ने बनाउनु,
- विभिन्न सन्दर्भमा शुभकामना दिन सक्ने क्षमताको विकास गर्नु, आदि ।

## २.२.१० शुभकामनाको शिक्षण प्रक्रिया

**क) नमुना प्रस्तुत र छलफल :** शुभकामनाको शिक्षण गर्दा सर्वप्रथम कक्षामा शुभकामनाका विभिन्न नमुना प्रस्तुत गरी छलफल गर्ने,

**ख) आङ्गिक जानकारी  र सोदाहरण :** शुभकामनाका आदि, मध्य र अन्त्य भागमा के के कुराहरू कसरी लेखिन्छ भन्ने कुराको उदाहरण सहित जानकारी दिने,

**ग) शुभकामना लेखन :** विद्यार्थीहरूलाई विविध सन्दर्भ, शीर्षक तथा विषय प्रदान गरी शुभकामना लेखन सम्बन्धी पर्याप्त अभ्यास गराउने,

**घ) आवश्यक सुझाव र पृष्ठपोषण :** विद्यार्थीहरूले लेखेका शुभकामनाहरूलाई शिक्षकले परीक्षण गरी आवश्यक सुझाव र पृष्ठपोषण प्रदान गर्ने ।

उल्लिखित प्रक्रियाको अबलम्बन गरी शुभकामनाको शिक्षण गर्न सकिन्छ । यी प्रक्रिया अनुरूप शुभकामना शिक्षण गर्दा सैद्धान्तिक जानकारीभन्दा पर्याप्त मात्रामा शुभकामना लेखनका कार्यकलापहरू गराउनु सान्दर्भिक देखिन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको विधि

अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउन गरिने औपचारिक र व्यवस्थित कार्य हो । यसका लागि खास विधि तथा पद्धतिको प्रयोग गर्नुपर्ने हुन्छ । अनुसन्धान कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि निश्चित विधिको आवश्यकता पर्दछ । प्रस्तुत काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन शीर्षकको शोधमा मुख्यतः क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धान वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, सामग्री परीक्षण, परीक्षा सञ्चालन, तथ्यको सङ्कलन, वर्गीकरण, विश्लेषण र प्रस्तुतीकरण जस्ता प्रक्रियाहरूको उपयोग गर्दै प्रस्तुत अध्ययनको ढाँचा तयार पारिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत अध्ययनमा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरू जनसङ्ख्याका रूपमा रहेका छन् । यस अनुसन्धानमा यादृच्छिक नमुना छनोट पद्धतिको उपयोग गरी काठमाडौं जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । साथै यादृच्छिक नमुना छनोट पद्धतिको आधारमा नै उक्त विद्यालयहरूमा कक्षा एघारमा अध्ययनरत ५ जना छात्र र ५ जना छात्राहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । यस अनुसन्धानमा ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरू नमुनाका रूपमा रहेका छन् ।

## ३.३ सामग्री निर्माण

शोधकार्यको उद्देश्य पुरा गर्न आवश्यक तथ्याङ्क सङ्कलन गर्नको लागि अध्ययनको प्रकृति अनुसार सामग्री निर्माण गर्नुपर्दछ । काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान गर्नका लागि शुभकामना लेखन सम्बन्धी प्रश्न निर्माण गरिएको छ । यस अन्तर्गत वैयक्तिक र सार्वजनिक शुभकामनासँग सम्बन्धित १/१ ओटा प्रश्न निर्माण गरिएको छ । साथै शोध निर्देशकको सल्लाह बमोजिम आवश्यक संशोधन गरिएको छ ।

## ३.४ सामग्रीको पूर्वपरीक्षण

अनुसन्धानका लागि तयार परिएका प्रश्नहरू परीक्षण गर्नुभन्दा पहिले पूर्वपरीक्षण गर्नु आवश्यक हुन्छ । जसबाट प्रश्नमा निहीत त्रुटि निराकरण गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा प्रश्न निर्माण भइसकेपछि शोध निर्देशकको आवश्यक सुझाव र सल्लाहअनुसार संशोधन र सम्पादन गरियो । त्यसपछि उक्त प्रश्नलाई जनसेवा उच्च माध्यमिक विद्यालयमा कक्षा एघारमा अध्ययनरत १० जना विद्यार्थीमा पूर्वपरीक्षण गरियो । त्यसपछि विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा प्रश्नको विश्लेषण र परिमार्जन गरी प्रश्नलाई अन्तिम रूप दिइयो ।

## ३.५ परीक्षण

प्रश्नलाई अन्तिम रूप दिईसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापक र विषय शिक्षकसँग सम्पर्क गरी परीक्षणका लागि समय उपलब्ध गराइदिनका लागि आग्रह गरियो । विषय शिक्षकले उपलब्ध गराएको समयमा विद्यार्थीहरूलाई वैयक्तिक र सार्वजनिक शुभकामना लेख्नका लागि १०/१० मिनेट समय उपलब्ध गराइएको थियो । यसरी काठमाडौं जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूमा परीक्षा सञ्चालन गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन

विद्यार्थीहरूले लेखेको शुभकामनाको परीक्षणबाट प्राप्त अङ्क नै यस अनुसन्धानको तथ्याङ्क हो । त्यसैले तथ्याङ्क सङ्कलनको लागि सर्वप्रथम परीक्षा सञ्चालन भए पश्चात् उत्तरपुस्तिका सङ्कलन गरिएको थियो । त्यसपछि अङ्कन प्रक्रिया अनुसार उत्तरपुस्तिका परीक्षण गरियो । यसरी प्राप्त अङ्कलाई लैङ्गिक र विद्यालय प्रकृतिका आधारमा वर्गीकरण गरी तालिकीकरण गरिएको छ । प्रस्तुत अनुसन्धानमा तथ्याङ्क सङ्कलनका रूपमा निम्न स्रोतहरूको उपयोग गरिएको छ :

### ३.६.१ प्राथमिक स्रोत

अनुसन्धाता आफैं सम्बन्धित क्षेत्रमा गई सामग्री सङ्कलन गर्ने स्रोत नै प्राथमिक स्रोत हुन् । यस्तो स्रोतबाट पहिलो पटक सामग्री सङ्कलन गरिन्छ । प्रस्तुत अनुसन्धानमा तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोतअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले लेखेका शुभकामना पत्रहरू उपयोग गरिएको छ ।

### ३.६.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनका लागि द्वितीयक स्रोतका रूपमा यस अगाडि भईसकेका शोध प्रतिवेदन, पाठ्यपुस्तक, लेख, पत्रपत्रिका आदिलाई लिइएको छ । यी सामग्रीहरूको मुख्य आधार पुस्तकालयलाई मानी अनुसन्धान कार्यलाई सम्पन्न गरिएको छ ।

## ३.७ अङ्कन प्रक्रिया

विद्यार्थीहरूले लेखेको शुभकामनालाई विषयवस्तुको उठान, शुभेच्छा प्रकट गर्ने शब्दहरूको चयन, आदि, मध्य र अन्त्य भागको सङ्गठन, मौलिकता, भाषाशैली, र भाषिक शुद्धता गरी छओटा पक्षमा केन्द्रित रहेर वस्तुगत अङ्कन गरिएको छ । यी पक्षहरूको मूल्याङ्कन गर्दा विषयवस्तुको उठानलाई २० अङ्क, शुभेच्छा प्रकट गर्ने शब्दहरूको चयनलाई २० अङ्क, आदि, मध्य र अन्त्य भागको सङ्गठनलाई ३० अङ्क, मौलिकतालाई १० अङ्क, भाषाशैलीलाई १० अङ्क, र भाषिक शुद्धतालाई १० अङ्क  दिइएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

छनोट गरिएका विद्यार्थीहरूबिच शुभकामना लेखन क्षमताको परीक्षण पश्चात् तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई शुभकामनाका प्रकारका आधारमा वैयक्तिक र सार्वजनिक, लैङ्गिकताका आधारमा छात्र र छात्रा, विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयहरूलाई विश्लेषणको आधार बनाइएको छ । सङ्कलित तथ्याङ्कलाई सर्वप्रथम तालिकीकरण गरी क्रमशः तथ्याङ्कशास्त्रीय गणनाहरू प्रतिशत, मध्यिका, मानक विचलनबाट तथ्याङ्कको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरिएको तथ्याङ्कलाई वृत्तचित्र र स्तम्भचित्रमा प्रस्तुत गरी प्रस्ट पारिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

### १. प्रतिशताङ्क गणना गर्दा प्रयोग गरिएको सूत्र

$$\mathrm{P} = \frac{\mathrm{R}}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

R = तोकिएको श्रेणिमा प्राप्ताङ्क ल्याउन सफल भएका विद्यार्थी सङ्ख्या

T = जम्मा विद्यार्थी सङ्ख्या

### २. मध्यमान गणना गर्दा प्रयोग गरिएको सूत्र

$$\overline{\mathrm{X}} = \frac{\Sigma \mathrm{fx}}{N}$$

यहाँ,

$\overline{\mathrm{X}}$ = मध्यमान

Σ = योगफल

$fx$ = प्राप्ताङ्क र आवृत्तिको गुणाङ्क

$N$ = आवृत्तिको योगफल ($\Sigma f$)

## ३. मानक विचलन निकाल्न प्रयोग गरिएको सूत्र

$$\sigma = \frac{\sqrt{\Sigma f x^2 - (\Sigma f x)^2 / N}}{N}$$

यहाँ,

$\sigma$ = मानक विचलन

$\Sigma$ = योगफल

$fx$ = प्राप्ताङ्क र आवृत्तिको गुणनफल

$fx^2$ = प्राप्ताङ्क र आवृत्तिको गुणनफलको वर्ग

$N$ = जम्मा सङ्ख्या

उक्त तथ्याङ्क सङ्कलन गरिसकेपछि विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको परिमाणलाई प्रतिशत, मध्यमान र मानक विचलनबाट विश्लेषण गरिएको छ । साथै लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको परिमाणलाई छुट्टाछुट्टै अध्यायमा तुलनात्मक विश्लेषण गरिएको छ । साथै उक्त तुलनालाई स्तम्भचित्र तथा वृत्तचित्रद्वारा प्रस्तुत गरिएको छ । यस अनुसन्धानलाई वस्तुपरक, विश्वसनीय र वैज्ञानिक बनाउन प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी त्यसको वर्गीकरण, तालिकीकरण र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

# समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

प्रस्तुत अध्यायमा शोध प्रस्तावमा उल्लेख गरिएअनुसार काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता अध्ययन शीर्षकअन्तर्गत रहेर विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरूमा गई आवश्यक सूचना सङ्कलन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, वर्णन, व्याख्या तथा विश्लेषण गरी शुभकामना लेखन क्षमता पत्ता लगाइएको छ । यस अध्यायमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति पत्ता लगाउन वैयक्तिक र सार्वजनिक शुभकामनामा विद्यार्थीहरूले प्राप्त गरेका अङ्कलाई मुख्य आधार बनाइएको छ । यस अध्यायमा समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययन पनि गरिएको छ । उक्त अध्ययनलाई वैज्ञानिक, वैध र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कलाई स्तम्भचित्र र रेखाचित्रबाट पनि स्पष्ट पारिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण

तालिका १

समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण


| कुल सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-६९ प्रतिशतसम्म | | ७०-७९ प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २ | २ | २१ | २१ | ६८ | ६८ | ९ | ९ |

उपर्युक्त तालिका अनुसार समग्रमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २१ प्रतिशत रहेको देखिन्छ । भने सबैभन्दा बढी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६८ प्रतिशत रहेको देखिन्छ र ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ९ प्रतिशत रहेको देखिन्छ ।

उपर्युक्त तालिकामा दिइएको तथ्याङ्क अनुसार विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कलाई हेर्दा कुल १०० जना विद्यार्थीमध्ये ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना, ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २१, सबैभन्दा बढी ७० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६८ र ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ९ जना रहेको देखिन्छ । यसरी ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना मात्र भएकाले समग्रमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई स्तम्भचित्रमा प्रस्तुत गर्दा


चित्र १




माथिको स्तम्भचित्रमा समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई चार श्रेणीमा विभाजन गरी प्रस्तुत गरिएको छ । उक्त चित्रमा कुल १०० जना विद्यार्थीमध्ये ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना मात्र रहेको देखिन्छ । त्यस्तै ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २१ रहेको देखिन्छ भने सबैभन्दा बढी ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६८ जना रहेको देखिन्छ । त्यसैगरी ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ९ जना रहेको देखिन्छ । यसरी ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना मात्र भएकाले समग्रमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।


समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई वृत्तचित्रमा प्रस्तुत गर्दा

चित्र २




समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई रेखाचित्रमा प्रस्तुत गर्दा

चित्र ३



माथिको वृत्तचित्र र रेखाचित्रमा समग्र विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरणलाई चार श्रेणीमा विभाजन गरी प्रस्तुत गरिएको छ । उक्त चित्रमा कुल १०० जना विद्यार्थीमध्ये ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना मात्र रहेको देखिन्छ । त्यस्तै ६० देखि ६९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २१ रहेको देखिन्छ भने सबैभन्दा बढी ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६८ जना रहेको देखिन्छ । त्यसैगरी ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ९ जना रहेको देखिन्छ । यसरी ६० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना मात्र भएकाले समग्रमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.२ समग्रतामा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

तालिका २

समग्रतामा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको विश्लेषण

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|
| १०० | २०० | ७३.२१ | ५.७६ | ७३.२१ | ६२ | ३८ |

उपर्युक्त तालिकामा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता परीक्षण गर्नका लागि लिइएको परीक्षामा प्राप्त गरेको अङ्कलाई विश्लेषण गरिएको छ । ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयहरूका १०/१० जना विद्यार्थीहरूमा लिइएको परीक्षामा जम्मा २०० पूर्णाङ्क रहेको थियो । उक्त परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको मध्यमान ७३.२१ रहेको देखिन्छ । त्यसैगरी मानक विचलन ५.७६ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशत ६२ रहेको देखिन्छ भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशत ३८ रहेको देखिन्छ । यसर्थ समग्रमा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता उच्च रहेको पाइन्छ ।

## ४.३ समग्र विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताका विश्लेषण

तालिका ३

समग्र विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको विश्लेषण

| | | | |
|---|---|---|---|
| विद्यालय प्रकृति | **सामुदायिक** | **वैयक्तिक** | **सार्वजनिक** |
| | सङ्ख्या | १०० | १०० |
| | मध्यमान | ७२ | ७१.४८ |
| | मानक विचलन | ५.८३ | ७.९३ |
| | औसत प्रतिशत | ७२ | ७१.४८ |
| | **संस्थागत** | **वैयक्तिक** | **सार्वजनिक** |
| | सङ्ख्या | १०० | १०० |
| | मध्यमान | ७४.०८ | ७५.३ |
| | मानक विचलन | ५.१२ | ५.८६ |
| | औसत प्रतिशत | ७४.०८ | ७५.३ |

माथिको तालिकामा काठमाडौं जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाउन गरिएको परीक्षामा प्राप्त अङ्कलाई विश्लेषण गरिएको छ । तालिकामा वैयक्तिक शुभकामनाका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ७२, मानक विचलन ५.८३ र औसत प्रतिशत ७२ रहेको देखिन्छ । त्यसैगरी वैयक्तिक शुभकामनाका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ७४.०८, मानक विचलन ५.१२ र औसत प्रतिशत ७४.०८ रहेको देखिन्छ । यस तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान तथा औसत प्रतिशत बढी रहेको देखिन्छ । त्यस्तै मानक विचलनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी विचलित भएको देखिन्छ । यस विश्लेषणबाट

सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

तालिकामा सार्वजनिक शुभकामनाका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ७१.४८ मानक विचलन ७.९३ र औसत प्रतिशत ७१.४८ रहेको देखिन्छ । त्यसैगरी सार्वजनिक शुभकामनाका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ७५.३, मानक विचलन ५.८६ र औसत प्रतिशत ७५.३ रहेको देखिन्छ । यस तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान तथा औसत प्रतिशत बढी रहेको देखिन्छ । त्यस्तै मानक विचलनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी विचलित भएको देखिन्छ । यस विश्लेषणबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.४ समग्र विद्यार्थीहरूको लैङ्गिक आधारमा शुभकामना लेखन क्षमताको विश्लेषण

तालिका ४

समग्र विद्यार्थीहरूको लैङ्गिक आधारमा वैयक्तिक र सार्वजनिक शुभकामना लेखन क्षमताको स्थिति

| | **छात्र** | **वैयक्तिक** | **सार्वजनिक** |
|---|---|---|---|
| लैङ्गिक आधार | सङ्ख्या | ५० | ५० |
| | मध्यमान | ७२.८८ | ७३.५२ |
| | मानक विचलन | ६.३० | ७.६५ |
| | औसत प्रतिशत | ७२.८८ | ७३.५२ |
| | **छात्रा** | **वैयक्तिक** | **सार्वजनिक** |
| | सङ्ख्या | ५० | ५० |
| | मध्यमान | ७३.२ | ७३.२६ |
| | मानक विचलन | ४.७७ | ६.७९ |
| | औसत प्रतिशत | ७३.२ | ७३.२६ |

माथिको तालिकामा काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्र छात्राको शुभकामना लेखन क्षमता पत्ता लगाउन गरिएको परीक्षामा प्राप्त अङ्कलाई विश्लेषण गरिएको छ । तालिकामा वैयक्तिक शुभकामनाका आधारमा छात्रहरूको मध्यमान ७२.८८, मानक विचलन ६.३० र औसत प्रतिशत ७२.८८ रहेको देखिन्छ । त्यसैगरी वैयक्तिक शुभकामनाका आधारमा छात्राहरूको मध्यमान ७३.२, मानक विचलन ४.७७ र औसत प्रतिशत ७३.२ रहेको देखिन्छ । यस तथ्याङ्कका आधारमा छात्रहरूका तुलनामा छात्राहरूको मध्यमान तथा औसत प्रतिशत बढी रहेको देखिन्छ । त्यस्तै मानक विचलनमा छात्राहरूको भन्दा छात्रहरूको प्राप्ताङ्क बढी विचलित भएको देखिन्छ । यस विश्लेषणबाट छात्रहरूको तुलनामा छात्राहरूको वैयक्तिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

तालिकामा सार्वजनिक शुभकामनाका आधारमा छात्रहरूको मध्यमान ७३.५२, मानक विचलन ७.६५ र औसत प्रतिशत ७३.५२ रहेको देखिन्छ । त्यसैगरी सार्वजनिक शुभकामनाका आधारमा छात्राहरूको मध्यमान ७३.२६, मानक विचलन ६.७९ र औसत प्रतिशत ७३.२६ रहेको देखिन्छ । यस तथ्याङ्कका आधारमा छात्रहरूका तुलनामा छात्राहरूको मध्यमान तथा औसत प्रतिशत बढी रहेको देखिन्छ । त्यस्तै मानक विचलनमा छात्रहरूको भन्दा छात्राहरूको प्राप्ताङ्क बढी विचलित भएको देखिन्छ । यस विश्लेषणबाट छात्रहरूको तुलनामा छात्राहरूको सार्वजनिक शुभकामना लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको विश्लेषण

प्रस्तुत अध्यायमा शोध प्रस्तावमा उल्लेख गरिएअनुसार काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता अध्ययन शीर्षकअन्तर्गत रहेर विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरूमा गई आवश्यक सूचना सङ्कलन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, वर्णन, व्याख्या तथा विश्लेषण गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमता पत्ता लगाइएको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको स्थिति पत्ता लगाउन वैयक्तिक र सार्वजनिक शुभकामनामा विद्यार्थीहरूले प्राप्त गरेका अङ्कलाई मुख्य आधार बनाइएको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययन पनि गरिएको छ । उक्त अध्ययनलाई वैज्ञानिक, वैध र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कलाई स्तम्भचित्र र रेखाचित्रबाट पनि स्पष्ट पारिएको छ ।

## ५.१ विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण

तालिका ५

विद्यालय प्रकृतिका आधारमा शुभकामना लेखन क्षमताको प्राप्ताङ्कको विवरण

| विद्यालय प्रकृति | कुल सङ्ख्या | ६० प्रतिशतभन्दा कम | | ६०-७० प्रतिशतसम्म | | ७०-८० प्रतिशतसम्म | | ८० प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| सामुदायिक | ५० | २ | ४ | १४ | २८ | २९ | ५८ | ५ | १० |
| संस्थागत | ५० | ० | ० | ७ | १४ | ३९ | ७८ | ४ | ८ |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको कुल सङ्ख्या ५० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने २ जना अर्थात् ४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यस्तै ६० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १४ जना अर्थात् २८ प्रतिशत विद्यार्थीहरुरू रहेको देखिन्छ । त्यसैगरी ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने ५ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ ।

उक्त तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको कुल सङ्ख्या ५० जना विद्यार्थीहरूको शुभकामना लेखन क्षमतालाई पनि चार श्रेणीमा विभाजन गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू रहेका देखिदैनन् । ६० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ७ जना अर्थात् १४ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैगरी ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ३९ जना अर्थात् ७८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ भने ८० प्रतिशत भन्दाबढी अङ्क प्राप्त गर्ने ४ जना अर्थात् ८ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ ।

तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले शुभकामना लेखनमा प्राप्त गरेको अङ्कलाई तुलना गर्दा सामुदायिक विद्यालयका ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २ जना अर्थात् ४ प्रतिशत रहेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ६० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू रहेका छैनन् । त्यस्तै सामुदायिक विद्यालयका ६० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १४ जना अर्थात् २८ प्रतिशत रहेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ६० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ७ जना अर्थात् १४ प्रतिशत रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २९ जना अर्थात् ५८ प्रतिशत रहेको पाइयो भने संस्थागत विद्यालयका ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३९ जना अर्थात् ७८ प्रतिशत रहेको पाइयो । यस आधारमा ७० देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने संस्थागत विद्यालयका विद्यार्थीहरू सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा १० जना अर्थात् २० प्रतिशतले बढी रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका ८० प्रतिशतभन्दा

# सन्दर्भ सामग्रीसूची


अधिकारी, विष्णुप्रसाद (२०७३), **माध्यमिक शिक्षक स्रोत सामग्री नेपाली,** काठमाडौँ : आशिष बुक हाउस प्रा. लि. ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

ओझा, रामनाथ (२०७३), **माध्यमिक शिक्षक दिग्दर्शन,** काठमाडौं : पिनाकल पब्लिकेसन ।

ओली, विणा (२०६८) द्वारा **रूकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कँडेल, झलकनाथ (२०६८), **बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, अमरसिंह (२०६९), **कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, भुमादेवी (२०६३), **काठमाडौँ जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनिया, बुद्धराज र अन्य (२०७२), **स्नातक अनिवार्य नेपाली,** काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा. लि. ।

गौतम, देवीप्रसाद, पारसमणि भण्डारी र रामनाथ ओझा (२०७१), **स्नातक नेपाली,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, राजेन्द्र (२०७२), **काठमाडौं जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद (२०७२), **स्नातक नेपाली,** काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

देवकोटा, टीकानाथ (२०७१), **रसुवा जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, बलराम (२०७३), **तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पन्त, भवान सिंह (२०७२), **कञ्चनपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पराजुली, मोतीलाल (२०५३), **नेपाली रचना कला,** पोखरा : लेखक ।

बन्धु, चूडामणि (२०७२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बिष्ट, कमलबहादुर (२०६८), **कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, तारादेवी (२०६९), **कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि, रामनाथ ओभ्का र डोलराज अर्याल (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : पिनाकाल पब्लिकेसन ।

शाही, विष्णुकुमारी (२०६८), **चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, दयाराम, लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०७२), **सुबोध अनिवार्य नेपाली,** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

सुनार, लक्ष्मी (२०७३), **नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, कृष्णप्रसाद (२०७३), **शुभकामनाको स्वरूप र संरचना,** (लेख) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पा.), (२०६८), **रत्न बृहत् नेपाली समालोचना,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

..................., (२०६९), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

## परिशिष्ट क

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालय तथा क्याम्पसहरू

१. श्री जनसेवा उच्च माध्यमिक विद्यालय, कीतिपुर, काठमाडौं

२. मङ्गल उच्च माध्यमिक विद्यालय, कीर्तिपुर, काठमाडौं

३. ज्ञानोदय उच्च माध्यमिक विद्यालय, बाफल, काठमाडौं

४. जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौं

५. शान्ति विद्या गृह उच्च माध्यमिक विद्यालय, लैनचौर, काठमाडौं

६. राइजिङ स्टार उच्च माध्यमिक विद्यालय, बाफल, काठमाडौं

७. सहिद स्मारक कलेज, कीर्तिपुर, काठमाडौं

८. रिचमण्ड इन्टनेसनल कलेज, कलङ्की, काठमाडौं

९. काठमाडौं मोडेल कलेज, बागबजार, काठमाडौं

१०. ग्रिनफिल्ड नेसनल उच्च माध्यमिक विद्यालय, सीतापाइला, काठमाडौं

# परिशिष्ट ख

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क

१. श्री जनसेवा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | किरण आले मगर | ७६ | ७६ |
| २. | राजमान तामाङ | ७३ | ५५ |
| ३. | अनिल जैसी | ६६ | ५२ |
| ४ | अमिर तामाङ | ६१ | ५७ |
| ५. | सुरेश लिम्बू | ७२ | ७० |
| ६. | पूर्णिमा तामाङ | ७४ | ६९ |
| ७. | सञ्जु खड्का | ६५ | ६२ |
| ८. | बिन्दा डङ्गोल | ६५ | ५६ |
| ९. | समीक्षा गुरुङ | ६६ | ६७ |
| १०. | रीता गुरुङ | ६८ | ६६ |

२. श्री मङ्गल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क्र.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | महेश प्रसाद चौरासिया | ७८ | ६५ |
| २. | राजेन्द्र सेरमाल | ६४ | ६१ |
| ३. | आकाश रावल | ६३ | ६२ |
| ४ | गोविन्द बहादुर के. सी. | ५८ | ७० |
| ५. | उज्ज्वल थापा मगर | ७२ | ६८ |

| | | | |
|---|---|---|---|
| ६. | सुनिता राई | ७० | ५८ |
| ७. | सुजना तामाङ | ६४ | ६७ |
| ८. | रक्षा घले | ७१ | ७५ |
| ९. | रेणु गुरुङ | ७२ | ७१ |
| १०. | दुर्गा वि. क. | ७३ | ७३ |

३. श्री ज्ञानेदय उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | प्रविण ठाकुर | ८० | ७२ |
| २. | रजित अधिकारी | ६५ | ७४ |
| ३. | धन बहादुर तामाङ | ७२ | ७३ |
| ४ | सन्तोष खत्री | ७४ | ७८ |
| ५. | प्रताप तामाङ | ७६ | ७२ |
| ६. | सम्बिका ठाकुर | ७३ | ६९ |
| ७. | पार्वती छत्कुली | ७१ | ६८ |
| ८. | निरु थापा | ७८ | ७५ |
| ९ | आस्था घिमिरे | ७६ | ७१ |
| १०. | रोजिना गौतम | ६६ | ६५ |

४. श्री जनमैत्री बहुमुखी क्याम्पसका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | मुकुन्द ढुङ्गेल | ६७ | ७६ |
| २. | सुरान ज्ञावली | ७६ | ६७ |

| | | | |
|---|---|---|---|
| ३. | संजोग तिवारी | ८३ | ८७ |
| ४ | आसिक भट्टराई | ८१ | ८४ |
| ५. | मदन खतिवडा | ७३ | ७७ |
| ६. | रेजिना विष्ट | ८१ | ८० |
| ७. | सिर्जना लामिछाने | ७६ | ७६ |
| ८. | सीमा सिटौला | ८० | ७८ |
| ९. | लक्ष्मी चौधरी | ६९ | ७५ |
| .१०. | विनिता कार्की | ७५ | ७६ |

५. श्री शान्ति विद्या गृह उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | हिराधन लकान्द्री | ७५ | ७७ |
| २. | अर्जुन घले | ६४ | ७३ |
| ३. | दीपक न्यौपाने | ८० | ८५ |
| ४ | रन्दिप खड्का | ७० | ७७ |
| ५. | निरोज बुढाथोकी | ७१ | ७२ |
| ६. | ज्याति ढकाल | ७३ | ६८ |
| ७. | हिमसृष्टी राई | ७६ | ७७ |
| ८. | अस्मिता तामाङ | ८० | ८२ |
| ९. | सुकुमाया तामाङ | ७१ | ७८ |
| १०. | उषाकला राई | ७७ | ८२ |

६. राइजिङ स्टार उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | आसिस वि. क. | ७४ | ७९ |
| २. | नितेष विष्ट | ७७ | ७९ |
| ३. | सुनिल लामा | ७८ | ७६ |
| ४ | राजिव बुढाथोकी | ७८ | ७६ |
| ५. | इसाहक तामाङ | ७६ | ७४ |
| ६. | निर्मला तामाङ | ७८ | ७५ |
| ७. | सविना लामिछाने | ६९ | ७२ |
| ८. | कृष्मा लापिछाने | ७३ | ६२ |
| ९ | दीपिका थापा | ७६ | ७६ |
| १०. | उषा दात्वानी | ८० | ७२ |

७. सहिद स्मारक कलेजका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | सुमित यादव | ७४ | ७९ |
| २. | शुकरामा मोक्तान | ७५ | ७७ |
| ३. | थानेश्वर पौडेल | ७० | ६९ |
| ४ | अजित समाल मगर | ७१ | ६६ |
| ५. | प्रदिप श्रेष्ठ | ५७ | ६३ |
| ६. | सुनिता तामाङ | ७६ | ७९ |
| ७. | सुस्मिता पुन मगर | ७३ | ७५ |
| ८. | यसोदा ढकाल | ७३ | ७४ |

| | | | |
|---|---|---|---|
| ९. | ममता ज्ञावली | ६५ | ६६ |
| १०. | सुशिला लामा | ६६ | ५७ |

८. रिचमण्ड इन्टरनेशनल कलेजका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | प्रज्ज्वल खतिवडा | ७७ | ६७ |
| २. | जीवन पराजुली | ७७ | ७४ |
| ३. | शिव बराम | ७४ | ७९ |
| ४ | अमृत श्रेष्ठ | ७२ | ७७ |
| ५. | मिलन जि. सी. | ७० | ८० |
| ६. | उर्मिला गुरुङ | ७२ | ८० |
| ७. | सविना परियार | ७७ | ७३ |
| ८. | रिया गिरी | ७२ | ७९ |
| ९. | आसिका पौडेल | ७६ | ७६ |
| १०. | राजकुमारी चौधरी | ६५ | ६५ |

९. काठमाडौं मोडेल कलेजका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | विशेष श्रेष्ठ | ८३ | ८६ |
| २. | आर्जन भट्ट | ७५ | ७९ |
| ३. | सगुन जि. सी. | ७३ | ७८ |
| ४ | विवेक ढकाल | ७७ | ८१ |

| | | | |
|---|---|---|---|
| ५. | कमेश बटाला | ८१ | ७१ |
| ६. | बबी आगार्य | ७५ | ७८ |
| ७. | ईसा सुवेदी | ७९ | ७८ |
| ८. | समीक्षा ज्ञावली | ८१ | ८५ |
| ९. | सोनिया लामा | ७४ | ७६ |
| १०. | प्रकृति घिमिरे | ७३ | ७८ |

१०. ग्रिनफिल्ड नेसलन उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको प्राप्ताङ्क

| क.सं. | विद्यार्थी | वैयक्तिक शुभकामनाको प्राप्ताङ्क | सार्वजनिक शुभकामनाको प्राप्ताङ्क |
|---|---|---|---|
| १. | जीवन राई | ७४ | ८७ |
| २. | प्रकाश श्रेष्ठ | ८० | ८३ |
| ३. | सन्तोष दुधराज | ७२ | ६९ |
| ४ | मनोज पौडेल | ६९ | ७८ |
| ५. | विवेक के. सी. | ८० | ६९ |
| ६. | तरनुम खातुन | ८० | ८२ |
| ७. | पुस्ता लामा | ७९ | ७५ |
| ८. | सुमित्रा लामा | ६९ | ७९ |
| ९. | मोनिका लामा | ७४ | ७८ |
| १०. | सविना कुँवर | ७६ | ७९ |

## परिशिष्ट ग

## शुभकामना लेखन क्षमता परीक्षण गर्नका लागि उपयोगमा ल्याइएका प्रश्नहरू

नाम : समय २० मिनेट

कक्षा : छात्र/छात्रा

विद्यालय :

१. आफ्नो साथीको जन्मदिनको सन्दर्भमा लेखिने शुभकामनाको नमुना तयार पार्नुहोस् । १००

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

२. बडादसैं, शुभ दीपावली तथा छठ पर्वका सन्दर्भमा आफ्ना आफन्तजन, इष्टमित्र, साथीभाइ तथा सम्पूर्ण नेपालीहरूका लागि लेखिने शुभकामनाको नमुना तयार पार्नुहोस् । १००

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

## परिशिष्ट घ

### काठमाडौं जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता परीक्षण गर्न लिइएको परीक्षामा सहभागी विद्यार्थीहरूका केही तस्विरहरू





